# नेतृत्वको गलत बाटोः खस्किदो मुलुकको छबी



राजु श्रेष्ठ

भनिन्छ बिश्वमा तीन खालका मानिसहरु हुन्छन् । प्रथम, कोहि त्यस्ता हुन्छन जसले काम हुने बातावरण सिर्जना गर्दछन् । दोस्रो, कोहि त्यस्ता हुन्छन जसले अरुले गरेको काम हेर्छन र मज्जा लिन्छन् । तेस्रो, कोहि त्यस्ता हुन्छन जसले के भयो यस्तो भनेर आश्चार्यता ब्यक्त गर्दछन् । हाम्रो मुलुकमा दोस्रो र तेस्रो खालका मानिसहरु पर्याप्त मात्रामा देख्न सकिन्छ । प्रथम खालको मानिसहरुको खडेरी देखिन्छ । जुन आजको बदलिदो परिवेशको आवश्यकता थियो । पत्र, पत्रिका, लेख, रचना, अनुसन्धान, छलफल, बिचारगोष्ठीमा सुन्न, पढ्न, र देख्न पाइन्छ यो यथार्थता । मुलुक खराबबाट झन खरावतिर प्रवेश गरेको छ । नेतृत्व तहमा रहनेहरु नयाँ नयाँ आयोजना तथा कार्यक्रमहरु उद्घाटन मै ब्यस्त छन् । कुनै नयाँ नीति तथा कार्यक्रमहरु गरिन्छ त्यसको रिप्पल इफेक्टको आँकलन गरिदैन । कुनै नीतिगत निर्णय हतार हतारमा गरिन्छ त्यसको कार्यान्वयन सुस्ताउदै गएर ब्याकफाईरिङमा अन्त हुन्छ । यो रोगले मुलुक आक्रान्त भएको छ । जसको कारण मुलुकको छबी खस्किदो अवस्थामा छ ।

## नयाँ अवधारणा पुरानै शैली

हाम्रो मुलुकमा नीति बन्ने लागु नहुने त परम्परागत रोग नै हो । बिश्व समुदायममा यसको हिसाब किताब गरिन्थ्यो भने नेपालले पुरस्कार प्राप्त गर्ने उत्कृष्ट मुलुक हुने थियो । किनभने नेपाल नीति नियम बनाउन हतार गर्ने कार्यान्वयन गर्न ईच्छाशक्ति नदेखाउने मुलुकमा पर्छ । एउटा यस्तै ज्वलन्त उदाहरण छ कर्मचारी समायोजन । मुलुक सघीय लोकतान्त्रिक गणतन्त्रमा प्रबेश गरिसकेको छ । सँघीयतामा राजनीतिक र बित्तिय हस्तान्तरणसगै प्रशासनिक रुपान्तरण पनि एक महत्वपूर्ण पक्ष हो । प्रशासनिक रुपान्तरणको क्रममा कर्मचारी समायोजन प्रक्रियालाई अनाबश्यक रुपमा राजनीतिकरणको रङ दिएर अस्तब्यस्त बनाईयो । एक दुई कर्मचारीको खुशीको लागि हजारौ कर्मचारीहरुको मनोबल कमजोर बनाउने खेल खेलियो । कर्मचारीहरु भनेका राज्यले आबश्यक परेको ठाँउमा जहाँ खटायो त्यहि जानुपर्छ यो सबैले बुझेको कुरा हो । राज्यको सपनालाई बिपनामा अनुबाद गर्ने अस्त्र हो कर्मचारीतन्त्र । राज्यको डेलिभरी विङ्ग हो कर्मचारीतन्त्र । एउटा सशक्त औजार हो । यसलाई चलाउन जान्नु पर्थ्यो राजनीतिले । तर यसो हुन सकेन । समायोजनको फेहरिस्त हतार हतारमा वेभसाईटमा अपलोड गरिन्छ । हतार हतारमा वेभसाईटबाट झिकिन्छ । पुन परिवर्तन गरिन्छ ।

समायोजन भएका कर्मचारीहरु बाटो म्याद बाहेक २१ दिनभित्र आप्नो पदस्थापनाको पत्र आफै प्रिन्ट गरी सँघ, प्रदेश र स्थानीय तहमा समायोजन हुँन जाने भन्ने नीतिगत प्रावधान बनेको छ । फेरि स्थानीय र प्रदेशको कर्मचारीहरुलाई खटाएको ठाँउमा जानै पर्ने तर सँघमा समायोजन हुने कर्मचारीहरुलाई प्रदेशका कार्यालयहरुमा हाकिम बनाएर राख्ने प्रयत्न नहोस् । प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुलाई कार्यसम्पादनसहित कार्यकारी जिम्मेवारी प्रदान गर्न के ले अवरोधक सिर्जना गर्छ ? तसर्थ, अझै केहि बिग्रेको छैन । समय अझै काफी छ । गर्नेलाई वातावरण सिर्जना गरिदिनु पर्छ । त्यसलाई भनिन्छ नेतृत्व । नेतृत्वले सहि समयमा सहि निर्णय गर्न सके मुलुकले पिकअप लिन बेर लाग्दैन । होईन भने हिजोको जस्तै समायोजन भईसक्दा पनि सम्बन्धित मन्त्रालयले निर्णय गर्न ढिला गरिदिने । सँघका कर्मचारीलाई प्रदेश र स्थानीय तहमा रमाउन दिने हो भने हाम्रो सँघीयता भनेको वल्ड वाईन इन न्युन बोटल जस्तै हुन्छ । केन्द्रिकृत मानसिकता नै हाबी भएको देखिन्छ । भनिन्छ कुनै नयाँ कुरा आबिश्कार गर्नुभन्दा पुरानो शैली प्रबृत्तिबाट टाढा रहन जटिल हुन्छ । यो शैली र सँस्कारले भर्खर जम्मेको हाम्रो मुलुकको सँघीयता ब्याकफाइरिङ् हुने अवस्था प्रसस्त देखिन्छ ।

**आजको नेतृत्व**

हाम्रो वर्तमान नेतृत्व भनेको टोक्सिस लिडरसीप जस्तो छ । सँगठनलाई ध्वस्त पारेको छ । कर्मचारीहरुको भावनालाई छेदबिच्छेद बनाएको छ । कन्फिडेन्सी सेकिङ हुदै करियर सिफ्टीङ्मा बाध्य बनाईएको छ । नेतृत्व तहले के बुझ्न सकेको छैन भने यदि नेतृत्वले आर्थिक र राजनीतिक कियाकलापहरुमा सकिय रहन्छ भने सँगठन बिस्तारै मर्छ । अहिले हाम्रो कर्मचारीतन्त्र यहि वास्तबिकताको भुमरीमा फसेको छ । जसको कारण नागरिक माँझ गौरवका साथ हिडडुल गर्न सकेका छैनउ । शिर उच्च बनाएर हिड्न सकेका छैनउ । नागरिकको प्रिय बन्न सकेका छैनउ ।

**अबको बाटो?**

अल्बर्ट आईन्सटाईनले भनेका थिए अस्तब्यस्तताको बीचबाट सरलता खोज, असहमत अर्थात बिरोधको बीचमा मेलमिलाप खोज, कठिनाईहरुको बीचमा अवसर खोज । उक्त भनाई हाम्रा नेतृत्ववर्गलाई मननयोग्य हुनसक्छ । आजको सहकार्यात्मक न कि प्रतिस्प्रर्धात्मक समयमा नेतृत्वले सँगठनभित्र र सँगठन बाहिर सन्जाल निर्माण गर्न सक्नुपर्छ । नेतृत्वले अब अफरमिङ लिडरसीप अवलम्बन गर्नुपर्छ । नीति, नियम र निर्णयमा राजनीतिक बिचारधाराबाट प्रभाबित नभई निर्भिकताका साथ सहि बिकल्प छनोट गर्नसक्नु पर्छ । ब्युरोकेसीलाई एडोकेसीमा रुपान्तरण गरी हुम्यानोकेसीको मूल्य थप्न गर्न सक्नुपर्छ । सानो सरकार बलियो शासन अबलम्वन गर्नसक्नु पर्छ । अनि मात्र सँघीयताले बाटो पहिल्याई चाडै नै गन्तब्यमा पुग्न सक्नेछ ।

लेखक
राजु श्रेष्ठ
प्राबिधिक अधिकृत
शिक्षा तालिम केन्द्र
गण्डकी प्रदेश, दमौली, तनहुँ

फोन ९८५११२९९३७
इमेल: **shrestharaju26@gmail.com**